फोन नं. २-४४०४७

# त्रिभुवन विश्वविद्यालय
# त्रि-चन्द्र बहुमुखी क्याम्पस
(स्थापित १९७५ वि.सं.)

क्याम्पस प्रमुखको कार्यालय
सरस्वती सदन, काठमाण्डौं ।

पत्र संख्या:

मिति : २०७८।४।२४

**विषय:- नि:शूल्क छात्रवृत्तिको म्याद थप सम्बन्धी सूचना ।**

वि.एस्सी. चार वर्षे (२०७३ भर्ना वर्ष समूह प्रातः र दिवा), वि.ए. तीन वर्षे (२०७४ भर्ना वर्ष समूह, दिवा र रात्री) कार्यक्रममा भर्ना भई अध्ययन गरेका विद्यार्थीहरुलाई यस क्याम्पसबाट त्रि.वि. नियमानुसार वितरण गरिने नि:शूल्क छात्रवृत्तिका लागि तपसिल बमोजिमका कागजात सहित मिति २०७७ साल चैत्र १२ देखि २०७८ साल वैशाख १२ गतेसम्म विहान ११:०० बजेदेखि दिउसो २:०० बजेभित्र क्याम्पसको दर्ता शाखामा आवेदन बुझाउन सूचना गरिएकोमा कोभिड-१९ को दोश्रो लहरका कारण २०७८ बैशाख १६ गतेदेखि लकडाउन भएकोले उक्त आवेदन गर्ने म्याद मिति २०७८ श्रावण ३२ गतेसम्म थप गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिन्छ ।

**आवश्यक कागजातहरू:-**

१) परिचय पत्रको प्रतिलिपी ।

२) सामुदायिक तथा सरकारी विद्यालयबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गरेको प्रमाणपत्रको प्रतिलिपी ।

३) सामुदायिक तथा सरकारी विद्यालयबाट उत्तीर्ण गरेको सिफारिश पत्रको सक्कल प्रति वा सो विद्यालय सामुदायिक वा सरकारी भएको सरकारी कार्यालयबाट प्रमाणित पत्रको सक्कल प्रति ।

४) आरक्षण कोटामा छात्रवृत्तिको लागि निवेदन दिने विद्यार्थीहरूले माथि उल्लेखित कागजातका साथै आरक्षणका लागि आवश्यक कागजात पेश गर्नु पर्नेछ तर भर्नाको समयमा छात्रवृत्ति पाइसकेकाले उक्त सुविधा पाउने छैनन् ।

५) आवेदन दिदा आफ्नो संकाय, सत्र, तह, रोल नं. र नाम स्पष्ट उल्लेख भएको हुनुपर्नेछ ।

६) भर्ना रसिदको हकमा प्रथम वर्षको रसिदको फोटोकपी र अन्य बाँकी सबै वर्षको सक्कल रसिद पेश गर्नुपर्ने छ । यदि कुनै रसिद नभएमा भर्ना काउण्टरबाट प्रतिलिपी रसिद बनाई पेश गर्नुपर्ने छ ।

७) आवेदकले लाइब्रेरी क्लियरेन्स गरेको प्रमाण पेश गर्नुपर्ने छ ।

८) आवेदन फाराम बुझाउँदा सम्बन्धित विद्यार्थीले दर्ता नम्बर अनिवार्य रूपमा लिनु पर्नेछ ।

**नोट:–**

उपरोक्त बमोजिमका कागजात नबुझाएमा निजको निवेदन स्वत: रद्द हुनेछ र नि:शूल्क छात्रवृत्ति सम्बन्धी अन्तिम निर्णयको अधिकार छात्रवृत्ति समितिमा निहीत रहने छ ।

धर्म रावल
सदस्य सचिव
छात्रवृत्ति समिति

जनकराज ढुंगाना
संयोजक
छात्रवृत्ति समिति